## हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको आ.व २०८३/८४ को दोस्रो कार्यपालिका बैठक

मितिः- २०८३/०४/२९

समयः-११:०० बजे

स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्ष

आज मिति २०८३/०४/२९ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धरज्यूको अध्यक्षतामा निम्नानुसार गाउँ कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरू गरियो।

तपसिल

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| २ | श्री इन्द्र कुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री चित्र बहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सन्त बहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री दिल बहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| ११ | श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| १४ | श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री प्र.प्र.अ राजेन्द्र बहादुर परियार | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | श्री राजिव सुवर्णकार | शिक्षा अधिकृत | |
| २ | श्री बिदुर सिग्देल | अधिकृत छैठौं | |
| ३ | श्री नोल बहादुर थापा | प्रशासन अधिकृत | |
| ४ | श्री कृष्ण प्रसाद पौडेल | सहायक लेखा अधिकृत | |
| ५ | श्री पर्शुराम सिग्देल | अध्यक्षज्यूको स्वकीय सचिव | |

**हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको आ.ब. २०८३/८४ को दोस्रो कार्यपालिका बैठकका एजेण्डाहरु**

मितिः- २०८३/०४/२९

समयः- ११.०० बजे

स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्ष

१. प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा ।
२. पहिलो कार्यपालिकाको बैठकको समीक्षा सम्बन्धमा ।
३. जिल्ला मिटर व्याज पीडित गुनासो व्यवस्थापनको सदस्य तोकिने सम्बन्धमा ।
४. हरिनास बृहत् खानेपानी योजनाको म्याद थप सम्बन्धमा ।
५. योजना कार्यान्वयनमा दररेट सम्बन्धमा ।
६. हरिनास गाउँपालिका एकल पुरुष भत्ता वितरण कार्यविधि, २०८१ संशोधन सम्बन्धमा ।
७. सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धमा ।
८. विपद् व्यवस्थापनको सामाग्री हस्तान्तरण सम्बन्धमा ।
९. हरिनास गाउँपालिकाको स्वास्थ्य आपत्कालिन पूर्व तयारी प्रतिकार्य योजना सम्बन्धमा ।
१०. स्वास्थ्य सिवीर सम्बन्धमा ।

# हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको आ.ब. २०८३/८४ को दोस्रो कार्यपालिका बैठक

मितिः- २०८३/०४/२९

समयः- ११.०० बजे

स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्ष

निर्णयहरुः-

१. हरिनास गाउँपालिका को लागि भूमि व्यवस्था, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौको मिति २०८३/०४/०८ चलानी नं. ५८ बाट रमाना भई आउनु भएका र यस कार्यालयमा मिति २०८३/०४/११ गते हाजिर हुनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र बहादुर परियारलाई कार्यपालिका टिम बाट स्वागत गरियो ।

२. यही आ.व.०८३/०८४ को पहिलो कार्यपालिका बैठक मिति २०८३/०४/१४ गते बसेकोमा सो बैठकबाट भएका निर्णयको कार्यान्वयनका सम्बन्धमा समीक्षा गर्ने कार्य गरियो ।

३. जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट मिटर व्याज पीडित गुनासो व्यवस्थापन तथा सामाधान समितिको सदस्य तोक्ने सम्बन्धमा पत्राचार भई आएकोमा यस हरिनास गाउँपालिकाको तर्फबाट वडा नं. ३ का वडा अध्यक्ष तथा हरिनास गाउँपालिकाको प्रवक्ता श्री ओम प्रकाश सिक्देललाई जिल्ला मिटर व्याज पीडित गुनासो व्यवस्थापन तथा समाधान समितिको सदस्य तोक्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा हरिनास वृहत् खानेपानी योजना(ठेक्का नं. HRNS-W-NCB-WSP-02-078-79)बाट मिति २०८३/०५/३१ गते सम्म ठेक्का म्याद थपको निवेदन पेश हुन आएको हुँदा माग अनुसार थप अधिक दायित्व सिर्जना नहुने गरी मिति २०८३/०५/३१ सम्म ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

५. यही आ.ब.२०८३/०८४ को योजना कार्यान्वयनको लागी स्याङ्जा जिल्ला पूर्वाधार विकास कार्यालयले निर्धारण गरेको जिल्ला दररेट नै हरिनास गाउँपालिकाले आधिकारिक रूपमा लागु गर्ने र नियमानुसार पर्न आउने ढुवानी खर्च थप गर्न सक्ने निर्णय गरियो ।

६. यस हरिनास गाउँपालिका को एकल पुरुष भत्ता वितरण कार्यविधि, २०८१ को दफा ३ को (ङ) मा उमेर ६० वर्ष पुरा भई ६८ वर्ष पूरा नभएको भनि उल्लेख भएकोमा संशोधन गरि तपसिल अनुसार उल्लेख गर्ने निर्णय गरियो ।

तपसिलः-

दफा ३ को (ङ) उमेर ६० वर्ष पूरा भई ७० वर्ष पूरा नभएको ।

७. यस हरिनास गाउँपालिकामा आ.ब.२०८३/०८४ को समुदायक सिकाई केन्द्र संचालन हरिनास गाउँपालिका वडा नं. ६ मा गर्ने निर्णय गरियो ।

८. आ. ब. २०८२/०८३ मा विपद् व्यवस्थापनको सामाग्री खरिद गरिएको हुँदा तपसिलका लगि तपसिल अनुसारका कार्यालयहरूमा पाम्स प्रणाली बाट नै हस्तान्तरण गर्ने निर्णय गरियोः-

तपशिलः-

| क्र.सं. | कार्यालयको नाम | हस्तान्तरण गर्ने सामाग्रीको नाम, संख्या | कैफियत |
|---|---|---|---|
| १. | मग्याम चिसापानी प्रहरी चौकी | Stretcher-3Psc,Safty Helmet-5 Psc, Ghan ( Hammar ) 5kg-3 Psc, Fire Blancket2/2-7 Psc, Torchlights-५ Psc, Megha phone mike-2 Psc, visibility Jacket-20 Psc, Fire extingu Torchlights-10 Psc, isher 9 kg-2 Psc, Mountain Rescue static Rope 12 mm-100m, Safety Velt full body-2set,carrabin hook-3psc, First Aid kIt Bos-5 psc, Tripal 12/18-2psc,Gal 5fit-2Psc,Pick with Handle-3psc | |
| २. | १ न. वडा कार्यालय, सालडाडाँ | Safty Helmet-4 Psc, Torchlights-2 Psc, Megha phone mike-1 Psc, visibility Jacket-५ Psc, First Aid kIt Bos-2box, | |
| ३. | १ न. वडा कार्यालय, सालडाडाँ | Safty Helmet-4 Psc, Torchlights-2 Psc, Megha phone mike-1 Psc, visibility Jacket-५ Psc, First Aid kIt Bos-2box, | |
| ४. | १ न. वडा कार्यालय, सालडाडाँ | Safty Helmet-4 Psc, Torchlights-2 Psc, Megha phone mike-1 Psc, visibility Jacket-५ Psc, First Aid kIt Bos-2box, | |
| ५. | १ न. वडा कार्यालय, सालडाडाँ | Sefty Helmet-4 Psc, Torchlights-2 Psc, Megha phone mike-1 Psc, visibility Jacket-५ Psc, First Aid kIt Box -2 box, | |
| ६. | १ न. वडा कार्यालय, सालडाडाँ | Safty Helmet-4 Psc, Torchlights-2 Psc, Megha phone mike-1 Psc, visibility Jacket-५ Psc, First Aid kIt Bos-2box, | |
| ७. | १ न. वडा कार्यालय, सालडाडाँ | Safty Helmet-4 Psc, Torchlights-2 Psc, Megha phone mike-1 Psc, visibility Jacket-५ Psc, First Aid kIt Box - 2 box, | |
| ८. | १ न. वडा कार्यालय, सालडाडाँ | Safty Helmet-4 Psc, Torchlights-2 Psc, Megha phone mike-1 Psc, visibility Jacket-५ Psc, First Aid kIt Box – 2 box, | |

९. हरिनास गाउँपालिकाको स्वास्थ्य आपत्कालिन पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने निर्णय गरियो ।

१०. हरिनास गाउँपालिकाको वडा नं. ४ चित्रेमा रहेको देउराली सहकारी संस्था लि. को समन्वयमा गर्न लागिएको IWER GI TRACT शिविर पूर्ण रूपमा निःशुल्क भएमा मात्र संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।